व्यास नगरपालिका कार्यालय
दमौली, तनहुं ।
गण्डकी प्रदेश, नेपाल

सूचना प्रकाशित मिति २०८२।०१।०९

**व्यास नगरपालिकाको नयाँ भवनको कोठा भाडामा दिने सम्वन्धी गोप्य सिलवन्दी दरभाउपत्र आव्हानको सूचना !**

ठेक्का नम्वर: Rent/VYAS/REV/09/2081/082

स्थानीय सरकार संचालन ऐन २०७४ को (दफा ११ र ५९) अनुसार व्यास नगरपालिका कार्यालयको स्वामित्वमा रहेको साबिक फराकचौर ९/ग कि.नं.१५१८ मा निर्मित वहुउद्देश्यीय भवनका पसलकवलहरु, दमौली सभा हल भित्र रहेको कोठा तथा करङकाठ बसपार्कको व्यवसायिक सटरहरु भाडामा लगाउन कार्यालयले निर्धारण गरेको मासिक न्युनतम भाडादरको रकमबाट बढाबढ हुने गरी तपशिलमा उल्लेखित नम्वर अनुसारका पसल कवलहरुमा गोप्य सिलवन्दी दरभाउपत्रबाट पसल कवलहरु बहाल लगाउने सम्बन्धी ठेक्का बन्दोवस्ती गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि सिलवन्दि दरभाउपत्र पेस गर्नुहुन यो गोप्य शिलवन्दी दरभाउपत्र आह्वान सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| कोठा नम्वर | विवरण | न्युनतम अंङ्क मासिक रु. | फारम दस्तुर रु. | धरौटी रकम (कवोल अंकको) रु. | दरभाउपत्र खरिद गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| नयां १०६ | सफासडक तर्फ नयां भवनको सटर | ३६,१२०.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |
| पराशर कक्ष | दमौली सभा हल भित्र रहेको कोठा | १५,०००.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |
| ११३ | सफासडकको पश्चिम तर्फ नयां भवनको सटर | २९,७००.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |
| यु ३ | सफासडक तर्फ एनएमबि बैकले प्रयोग गरेको कोठा | १,२२,२१०.०० | १,०००.०० | ५% | ७ दिन भित्र | २ महिना पछि खालि हुने |
| १ | करङ्काठ बसपार्कको व्यवसायिक सटर | १०,०००.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |
| २ | करङ्काठ बसपार्कको व्यवसायिक सटर | १०,०००.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |
| ३ | करङ्काठ बसपार्कको व्यवसायिक सटर | १०,०००.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |
| ४ | करङ्काठ बसपार्कको व्यवसायिक सटर | १०,०००.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |
| ५ | करङ्काठ बसपार्कको व्यवसायिक सटर | १०,०००.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |
| ६ | करङ्काठ बसपार्कको व्यवसायिक सटर | १०,०००.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |
| ७ | करङ्काठ बसपार्कको व्यवसायिक सटर | १०,०००.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |
| ८ | करङ्काठ बसपार्कको व्यवसायिक सटर | १०,०००.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |
| ९ | करङ्काठ बसपार्कको व्यवसायिक सटर | १०,०००.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |
| १० | करङ्काठ बसपार्कको टर्मिनल भवन | २०,०००.०० | १,०००.०० | ५% | ७ दिन भित्र | |

व्यास नगरपालिकाको कार्यालय दमौली तनहुँ गण्डकी प्रदेश नेपाल

काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत

दरभाउपत्र सम्बन्धी शर्तहरु:

- शिलवन्दी दरभाउपत्रको हार्डकपीको फाराम यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी दरभाउपत्रदाता स्वंय वा रितपुर्वकको लिखित वारेस पठाई यस कार्यालयको राजश्व व्यवस्थापन शाखाबाट खरिद गर्न सकिनेछ । सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजेसम्म दरभाउपत्र पेश गर्न सकिने छ । नियमानुसार दर्ता हुन आएका दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले ८ औं दिन मिति २०८२।०१।१६ गते दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताहरु उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

२. दरभाउपत्र खोल्ने अन्तिम दिन बिदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुने छन् ।

३. यस कार्यालयबाट प्रमाणित भएको दरभाउ-पत्र फारम दरभाउपत्रदाता स्वयं वा रितपूर्वकको लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नु पर्नेछ ।

४. दरभाउ-पत्र खरिद गर्दा निवेदन सहित नेपाली नागरिकहरुको हकमा नेपाली नगरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, व्यवसायिक फर्म वा कम्पनीहरुको हकमा व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर/मू.अ.करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०८०/०८१ को कर चूक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नूपर्नेछ ।

५. दरभाउ-पत्र फारम भरी पेश गर्दा आफूले कवूल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा ५% (पाच प्रतिशत) ले हून आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड दमौली तनहुं स्थित धरौटी खाता न.०६००३००००३००००००००१ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाउमा जारी गरेको सोही रकम बरावरको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानी पत्र बोल पत्र साथ पेश गर्नूपर्नेछ । कवोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

६. यस कार्यालयमा कूनैपनि कर, दस्तुर, शुल्क तथा अन्य सरकारी सेवा बापतको रकम बुझाउन वाकी भएको व्यक्ति वा फर्मबाट पेश भएको दरभाउ-पत्रलाई मान्यता दिईने छैन, तर दरभाउ-पत्र पेश गर्नु भन्दा पहिले चुक्ता गरेमा दरभाउ-पत्र पेश गर्न कूनै वाधा पर्नेछैन ।

७. ठेक्का स्वीकृत भए पश्चात ठेक्का सम्झौता गर्दा दरभाउ-पत्र दाताले कवोल गरेको मासिक पसल कवलभाडाको ३ (तिन) महिना वरावरको रकम यस कार्यालयको ने.बै.लि. दमौली स्थित धरौटी खाता हि.न.०६००३००००३००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेस गर्नूपर्नेछ । उक्त धरौटी रकम कोठा छोड्दाको बखत फिर्ता दिईनेछ ।

८. सामान्यतया एक जना व्यक्ति तथा एउटा फर्मले एउटा मात्र पसल कवल भाडामा लिने गरी ठेक्का कवोल गर्नु पर्नेछ तर संगै जोडिएको अवस्थामा रहेका वढिमा २(दूई)वटा सम्म पसल कवलहरु एउटै व्यवसायिक फर्मको व्यवसायिक प्रयोजनको लागि आवश्यक हुने भएमा मात्र दुवै पसल कवल भाडामा लिने गरी ठेक्का कवोल गर्न सकिनेछ ।

९. दरभाउपत्र दाताले आफूले संचालन गर्न चाहेको व्यवसायको किसिम, पसल कवल नम्वर प्रस्ट संग उल्लेख गरी दरभाउपत्र साथ पेस गर्नु पर्नेछ ।

काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत

१०. हाल रहेको पसल कवलको स्थायी भौतिक संरचनामा परिवर्तन गर्नुपर्ने भएमा कार्यालयको स्वीकृती लिएर मात्र तोकिएको नमूना बमोजिम परिवर्तन गर्नुपर्नेछ ।

११. कोठामा पहिलो पटक कार्यालयबाट जडित विद्युतिय उपकरण जस्तै पंखा, वत्ति लगायतका अन्य उपकरणहरु विग्रिएमा पून: मर्मत तथा खरिदको व्यवस्था आफ्नै खर्चमा भाडावाला स्वंले नै मिलाउनु पर्नेछ । विद्यूत, पानीको महशूल, सरसफाई शुल्क तथा अन्य प्रचलित कर तथा शूल्कहरु भाडावाला स्वयंले सम्वन्धित निकायमा गई तिर्नुपर्नेछ ।

१२. भाडावालाले करङकाठ बसपार्क व्यवसायिक सटरहरु बाहेक व्यवसाय गरेको पसल कवलमा होटेल, रेष्टुरा, माछा, मासु, किराना, तरकारी पसल एवं वातावरणीय प्रदूषण हुने प्रकारले व्यापार व्यवसाय गर्न, अग्नीजन्य व्यवसाय संचालन गर्न साथै कुनै पनि कुटानी पिसानी गर्ने जस्ता मेशिन राखी व्यवसाय संचालन गर्न पाईने छैन । आफुले भाडामा लिएको पसल कबल सफा सून्दर वनाई राख्नू पर्नेछ, यदी कसैले फोहोर मैला तथा दुर्गन्धीत हुने गरी व्यवसाय संचालन गरेको पाइएमा नियमानुसार कारवाहिको प्रकृया अगाडी बढाइनेछ ।

१३. व्यवसाय संचालन गर्दा सार्वजनिक सडक, पेटी वा पसल अगाडी माल सामान थूपारी सार्वजनिक आवागमनमा बाधा पार्न पाइने छैन, यसरी बाधा परेको देखिएमा नगरपालिकाले नियमानुसार कारवाही अगाडी बढाउनेछ । अटेर गरी व्यवसाय संचालन गर्ने भाडावालासंगको सम्झौता रद्ध गर्न सकिनेछ ।

१४. पसल कवल भाडामा लिने व्यक्ति वा फर्मले प्रति महिना आफूले कवोल गरेको भाडा प्रत्येक महिना भुक्तान भएपछि अर्को महिनाको १० गतेभित्र व्यास नगरपालिका कार्यालयमा स्वंय उपस्थित भई बूझाउनू पर्नेछ ।

१५. कूनै शर्त राखी पेश गरेको, हूलाक मार्फत पठाएको र रित नपूगेको दरभाउ(पत्र माथी कूनै कारवाही गरिने छैन ।

१६. पसल कवल भाडामा लिने व्यक्ति स्वंयले आफ्नो व्यवसाय संचालन गर्नु पर्नेछ । कार्यालयको स्वीकृतीविना अन्य व्यक्ति वा संघ संस्थालाई भाडामा लिएको पसल कवल वेचविखन गर्न, अन्य व्यक्ति वा फर्मसंग मिली साझेदारी व्यवसाय गर्न तथा अन्य कुनै पनि व्यक्ति तथा फर्मलाई नामसारी गरि हक हस्तान्तरण गर्न पाईने छैन । त्यस्तो गरेको पाईएमा तत्कालै सम्झौता रद्ध गरिनेछ । भाडावालाले भाडामा लिएको पसल कवल छोड्नु परेको अबस्थामा पसल कवलमा निर्माण गरिएको संरचना निशर्त छाड्नु पर्नेछ । त्यस्तो अवस्था आएमा कार्यालयले उक्त पसल कवल खुला रुपमा प्रतिस्पर्धा गराई भाडामा लगाउन सक्नेछ ।

१७. सम्झौता गरेको मितिले हरेक २/२ वर्षमा १० प्रतिशत भाडा दर बृद्धि हूनेछ साथै हरेक पाच वर्षमा प्रचलित बजार मुल्यलाई आधार मानी भाडादरमा पुनरावलोकन गर्नेछ, पुनरावलोकन गरेपछि साविकमा भाडामा लिने व्यक्ति तथा फर्महरु संग नै परिवर्तित दरमा सम्झौता गर्न सकिनेछ तर कार्यालयले आवश्वक ठानेमा खुल्ला प्रतिस्पर्धा गराई भाडामा लगाउन समेत सक्नेछ ।

१८. भाडावालाले आफुले भाडामा लिएको पसल कवल छोड्न चाहेमा ३ (तीन) महिना अगाडि कार्यालयलाई लिखितरुपमा जानकारी दिएर मात्र छाड्नु पर्नेछ । उक्त पसल कवल कार्यालयले अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्ने अवस्था आएको खण्डमा भाडावालालाई ३(तीन) महिना अगाडि लिखित सूचना दिइनेछ । भाडावालाले सूचना पाएको मितिले ३ (तीन) महिना भित्र आफुले भाडामा लिएको पसल कवल खाली गरिदिनु पर्नेछ ।

१९. दर्ता हुन आएका दरभाउपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहनेछ ।

२०. सिलवन्दी दरभाउ(पत्रको खाम बाहिर यस कार्यालयको नाम, ठेगाना, बोल-पत्र नम्वर र दरभाउ-पत्रदाताको नाम ठेगाना र सम्पर्क नम्वर स्पष्ट लेख्नुपर्नेछ ।

२१. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-५६३२३३, ५६३६३२ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

व्यास नगरपालिकाको कार्यालय, दमौली, गण्डकी प्रदेश

काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत

# ब्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत व्यास नगरपालिकाको भवनको पसल कवल भाडामा दिने सम्बन्धी गोप्य सिलबन्दी दरभाउ पत्र

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
ब्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुं ।
गण्डकी प्रदेश, नेपाल

यस ब्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०८२/०१/०९ मा प्रकाशित सूचना बमोजिम व्यास नगरपालिकाको वहुउद्देस्यीय भवनको पसल कवल र दमौली सभा हल भित्र रहेको कोठा तथा करङकाठ बसपार्कको व्यवसायिक सटरहरु भाडामा दिने सम्बन्धी गोप्य सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना अनुसार नगरपालिकाले तोकेको शर्तनामाको अधिनमा रही आफुले कवल गरको रकम यो दरभाउपत्र फाराममा पेश गरेको छु ।

कबोल गरेको रकम अंक र अक्षरमा

| सि.नं. | विवरण | कबोल गरेको रकम | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | भाडा लिन चाहेको पसल कबल नं. .............. व्यवासायको नाम/प्रकृति | | |

दरभाउपत्र दाताको दस्तखत:

दरभाउपत्र दाताको नाम थर:

ठेगाना:

छाप:

ब्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमौली तनहुँ गण्डकी प्रदेश नेपाल २०७४

काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत